जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
म.वि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ३९ अंक १९ २०७७ साल मंसिर २१ गते आइतवार (6 Dec 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- घर निर्माण गर्दा, भत्काउँदा वा मर्मत गर्दा लापरवाही गर्नेलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- निर्माणको काम गर्दा निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरेमा वा मालको परिमाण घटीबढी पार्नेलाई दश वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिबाना हुने,
- आपूर्तिको काम गर्दा कमसल वा घटी परिमाणमा माल, वस्तु वा सेवा आपूर्ति गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : देश संघीय लोकतान्त्रिक ... पृष्ठ ३ मा : खुलेको भोलिपल्टै ... पृष्ठ ४ मा : किसानहरुले धानको ... पृष्ठ ५ मा : संघीय सरकारको पहलमा ...

## हुलाकी सडकका लागि अतिक्रमित संरचना धमाधम हटाइदै



**राजविराज**/मधेशको लाइफ लाइने मानिने बहुप्रतिक्षित हुलाकी सडक निर्माणका लागि बाधक बनेका अतिक्रमण र संरचना धमाधम हटाउन र भत्काउन थालिएको छ ।

हुलाकी सडक निर्माणका क्रममा अतिक्रमित संरचना आफै हटाउन स्थानीय प्रशासन र स्थानीय तहले समेत सार्वजनिक सूचना मार्फत सहयोगका लागि सबैसँग अनुरोध गरेको छ ।

हुलाकी राजमार्ग योजना कार्यालय इटहरीले हुलाकी सडकको दायाँ/बायाँ १५/१५ मिटर भित्र बनाइएका राजविराज नगर क्षेत्रका भौतिक संरचनाहरु डोजर लगाएर शनिबारदेखी भत्काउन शुरु गरेको हो ।

राजविराज नगर क्षेत्रको राम मन्दिर, हुलाक कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, सप्तरी जिल्ला अदालत लगायतका कार्यालयको कम्पाउण्ड वाल भत्काइएको छ ।

हुलाकी राजमार्ग निर्माणका क्रममा सिरहा रोडमा केही समस्या देखिएपनि त्यसलाई स्थानीय जनप्रतिनिधि, प्रशासन र सम्बन्धित पक्षबीच छलफल र आपसी सहमतिको माध्यमबाट निकास दिने काम भइरहेको हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका इन्जिनियर आशुतोष कर्णले बताए ।

हुलाकी राजमार्ग अन्तर्गत हालसम्म १५ कि.मि. सडकमा पहिलो लेयरको कालोपत्रे गर्ने काम सम्पन्न भइसकेको उनले जानकारी दिए ।

सप्तरी जिल्लामा कञ्चनपुरदेखि राजविराजसम्म एउटा र राजविराजदेखि बलान विहुलसम्म अर्को खण्ड गरी दुई वटा योजना अन्तरगत ४६ कि.मि. सडक खण्डमा कुल २२ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ६ वटा सम्पन्न भइसकेको छ भने बाँकी १६ वटा पुल निर्माणकै क्रममा रहेको उनले जानकारी दिए ।

दुवै योजना गरी झण्डै २ अर्बमा निर्माण हुने सप्तरी खण्डको निर्माण कार्यको जिम्मा रौता, श्रेष्ठ र दिवा कन्स्ट्रशनले पाएको छ । २०७८ बैशाखसम्म हुलाकी सडकको सप्तरी खण्डमा काम पुरा गरिसक्ने लक्ष्य रहेपनि कतै अवरोध र कतै कानूनी लडाईको समस्यासँगसँगै कोरोना महामारीले पनि ढिलाई भएको बताउँदै आयोजनाका इन्जिनियर कर्णले २०७८ को शुरुवातमा सम्भव नभएपनि २०७८ को अन्त्यसम्मा भने निर्माण कार्य सम्पन्न गरिसक्ने दावी गरेका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवले जिल्लाको समग्र विकासका लागि प्रत्यक्ष प्रभाव पार्ने हुलाकी सडकलाई समयमै सम्पन्न गर्न सबैले सहयोग गर्नुपर्ने बताएका छन् । यता अतिक्रमण हटेलगत्ते सडक सम्याउने, सरसफाई गर्ने र सवारी व्यवस्थापन मिलाएर अस्तव्यस्त आवागमन सहज बनाउने राजविराज नगरपालिकाको तयारी छ ।

## सप्तरी क्रिकेट संघलाई प्रदेश स्तरिय महिला क्रिकेट प्रतियोगिता गर्ने जिम्मेवारी




**जनकपुर**/प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश क्रिकेट संघ २ ले प्रदेश स्तरीय महिला तथा पुरुष क्रिकेट प्रतियोगिता संचालन गर्ने भएको छ ।

सो प्रतियोगिताबाट प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि प्रदेश २ क्रिकेट टोली छनौट गर्ने छ । शनिवार अनलाईन मार्फत सम्पन्न बैठकमा उक्त प्रतियोगिताका लागि सप्तरी जिल्ला क्रिकेट संघलाई महिला प्रतियोगिता तथा बन्द प्रशिक्षण दुवैको जिम्मेवारी दिइएको छ ।

त्यस्तै पुरुषतर्फ बारा जिल्ला क्रिकेट संघलाई बारा, पर्सा, सर्लाही र रौतहट तथा धनुषा जिल्ला क्रिकेट संघलाई धनुषा, महोतरी, सिरहा र सप्तरीको प्रतियोगिता लिगको आधारमा संचालन गर्ने र बन्द प्रशिक्षणको समेत जम्मेवारी दिइएको हो ।

त्यस्तै प्रतियोगिता अन्तरगतको सेमिफाईनल र फाईनल संचालनको धनुषा क्रिकेट संघलाई नै जिम्मेवारी दिइएको छ ।

सोही बैठकले नेपालका पहिलो अन्तराष्ट्रिय कप्तान उत्तम कर्मचार्यलाई नेपाल क्रिकेट संघको छनौट समिति प्रमुखमा चयन गरेको छ । यस्तै प्रतियोगिताको तालिका र मिति आईतवार पुनः बस्ने बैठकबाट पारित गर्ने निर्णय समेत गरिएको प्रदेश २ क्रिकेट संघका सचिव आयुश श्रेष्ठले जानकारी दिएका छन् ।




## मन्दिरमा सरसफाईपछि कुचो हस्तान्तरण



**राजविराज**/सप्तरीको शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ मन्दिरमा शनिबार राजविराज जेसीजले सरसफाई गर्दै कुचो हस्तान्तरण गरेको छ ।

शम्भुनाथ मन्दिरमा जेसीजले सरसफाई गर्नुका साथै मन्दिरलाई कुचोहरु मन्दिरका पुजारी सुर्यनारायण झालाई हस्तान्तरण गरिएको हो ।

मन्दिरमा सरसफाई गर्ने कर्मचारीको आमाको मृत्युका कारण सरसफाई हुन नसकी मन्दिर फोहोर भएका बेला जेसीजले सरसफाई गरिदिएकोमा धन्यवाद दिए ।

राजविराज जेसीजका अध्यक्ष नानीमैया कटवालको अध्यक्षता एवम् पूर्व अध्यक्ष मनोहर पोखरेलको प्रमुख आतिथ्यतामा कार्यक्रममा सम्पन्न भएको थियो ।

कार्यक्रममा जेसीजका पदाधिकारी र युथ सप्तरीका प्रतिनिधीसहित जिल्ला बाल सञ्जालका अध्यक्ष बरदान श्रेष्ठ र नगर बाल सञ्जाल राजविराजकी अध्यक्ष अनिषा ठाकुरसमेतको उपस्थिती रहेको थियो ।

## सम्पादकीय

# समय अगावै उपाय बारे सोचौं

अत्याधिक चिसो र शीतलहरका कारण सप्तरीमा विगतका वर्षहरु दर्जनौंको ज्यान गइसकेको छ । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ ।

गरीब तथा विपन्न वर्गका लागि चिसोयाम आउनु अगावै सरकारी स्तरबाट उनीहरुको जीवनस्तरमा सकारात्मक सुधार ल्याउनका लागि नसोचिदा उनीहरुको जीवन थप कष्टकर बन्ने गरेको छ । मौसममा आएको परिवर्तनसँगै उनीहरुमा रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ । यता यस वर्ष चिसोबाट जोगिन स्थानीय तहबाट समेतखासै उपाय अवलम्बन गरिएको देखिएको छैन । सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट पहल थाल्न जरुरी छ ।

तसर्थ जिल्ला दैवी प्रकोप उद्धार समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरीब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ । चिसोयाम आउनु अगावै नै यसका दुष्परिणामहरुबाट जोगाउनका लागि सरकारी तथा गैरसरकारी स्तरबाट उपाय अबलम्बन गर्न सकिए अवस्थामा सुधार आउन सक्छ । तसर्थ समय अगावै उपाय अवलम्बन गर्नु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# देश संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्र राष्ट्र हुनुपर्छ



**विनय यादव**

यो कोभिड-१९ को बहानामा सनातन धर्मप्रति कम्युनिष्ट सरकारको चरित्र देखिएको छ । हिन्दू धर्म संस्कृति र सनातनमाथि मात्रै बन्देज लगाउन खोज्ने, पाठपूजा र इन्द्रजात्रालाई रोक लगाउन खोज्ने र अन्य धर्मावलम्बीहरुलाई निर्वाधरुपमा हुन दिने काम हुँदै आएको छ । राजनीतिक पार्टीहरुले आमसभा, पार्टी प्रवेश, शुभकामना आदानप्रदानको नाममा भीड जम्मा गर्न दिने तर हिन्दू र सनातन संस्कृतिको पर्व त्योहारहरु गर्न बन्देज लगाउने कम्युनिष्ट सरकारको दोहोरो चरित्र र सनातन संस्कृतिप्रति दुर्भावना उनीहरुको देखियो । त्यसकारण सनातन संस्कृतिमाथि कसैले कुठाराघात गर्छ भने हामी त्यसको विरोध गर्छौं ।

अहिले कोभिडको संक्रमण फैलिनुमा सरकारको नै कमीकमजोरी र असफलता हो । कोभिड नियन्त्रणका लागि सरकारले गर्नुपर्ने कामहरु नगरेर आफ्नो असफलता लुकाउनका लागि हिन्दू सनातन धर्मको मठमन्दिर, चाडपर्वमाथि बन्देज गरेर हिन्दू धर्ममाथि प्रहार गर्ने यो कम्युनिष्ट सरकारले प्रयास गरिरहेको छ । अहिले छठ पर्व आइरहेको छ, यसअघि इन्द्रजात्रा थियो । यदि सरकारले चाहेको भए इन्द्रजात्रामा झडप हुँदैनथ्यो । तर सरकारले यात्रा नै रोक्ने काम गऱ्यो । त्यस्तै, भगवान पशुपतिनाथको दर्शनका लागि यदि सरकारले चाहेको भए भौतिक दूरी कायम गरेर खुल्ला गर्न सक्थ्यो । यस्तै, छठ पर्वका लागि सरकारले सुरक्षाकर्मी खटाएर व्यवस्थापन मिलाइयो भने समस्या आउँदैन । तर आस्थावान जनताले त छठ गर्छन् । सरकारले आफ्नो असफलता लुकाउनका लागि संस्कृति र पूजापाठ गर्न नै रोक लगाउँदैछ । यो आपत्तिजनक कार्य हो, यसको घोर भर्त्सना गर्छौं । जनताले सरकारलाई चुनौती दिएर छठ मनाएका छन् ।

सरकारले पर्व नमनाउनु भनेको छैन तर एक ठाउँमा जम्मा भएर नमनाउनु भनेको हो छ नि । छठ पर्व घरमा मनाउन सकिँदैन । सनातन प्रथा हो, सरकारले यो कुरा बुझिरहेको छ । प्रशासन र सरकार यदि चनाखो भइदिएको भए प्रहरी लगाएर भौतिक दूरी कसरी कायम गरेर पूजापाठ गर्ने भन्ने कुराको व्यवस्थापन गरिदिएको भए कोभिड पनि नियन्त्रण हुन्थ्यो । त्यसकारणले काठमाडौंको कमलपोखरी, रानीपोखरी लगायत जहाँ जहाँ छठको घाटहरु छन्, त्यहाँ सरकारले प्रहरी परिचालन गरेर कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने कुरातिर अग्रसरता लिनुपर्ने थियो । यसमा सरकार उदासीन देखियो । सरकारको यो ठूलो लापरवाही हो, यसले गर्दा कोभिड फैलिरहेका छन् । केपी ओलीको पक्षमा प्रदर्शन र जुलुस हुँदा कहाँ हरायो सरकार ? त्यसबाट कोरोना फैलिँदैन ? आज मधेशमा हेर्नुस्, सबै राजनीतिक दलहरुले ठूलो-ठूलो आमसभाहरु गर्दैछन्, त्यसबाट कोरोना फैलिँदैन ? मस्जिदमा नमाज अदा गर्न गइरहेका छन्, त्यसबाट कोरोना फैलिएको छैन, चर्चमा प्रार्थना गर्न जाँदा कोरोना फैलिँदैन तर हिन्दूहरु आफ्नो पुजापाठ गर्न यदि सामूहिकरुपमा एकठ्ठा भए भने त्यसबाट कोरोना फैलिने भन्ने जुन कुरा छ, यो सरासर हिन्दू समाजलाई दबाउने कार्य हो । यो कार्य असहनीय छ, हिन्दू समाजले यसको प्रतिकार गर्छ ।

सरकारले छद्म धर्म निरपेक्षताको आडमा हिन्दू संस्कृतिमाथि दमन गर्न खोजिरहेको छ, समाप्त पार्ने जुन कुचेष्टा छ, त्यहींअनुसार सरकार चलिरहेको छ । विदेशी धर्म संस्थाहरुले सरकारलाई डलरको लोभ देखाएर हाम्रो धर्म संस्कृतिमाथि प्रहार भइरहेको छ । सरकारले यी कुराहरुलाई सच्याउनुपर्छ । हिन्दू मठमन्दिरहरु, तीर्थस्थलहरु खोलिनुपर्छ । कोभिडको महामारी छ भने भौतिक दूरी कायम गराएर पूजापाठ गराउने सरकारको जिम्मेवारी हो ।

विदेशीहरुको चलखेल चलिरहेको कुरा सञ्चारमाध्यमहरुमा आइरहेकै छ । यो सरकारमाथि विदेशी पश्चिमाहरु अथवा बेधर्मीहरुको दबाब छ । एक कम्युनिष्टहरुले आफैमा धर्मलाई मान्दैन । यिनी भन्छन् कि सबै धर्मलाई हामी समान दृष्टिले हेर्छौं तर खोई यहाँ समान दृष्टिले हेरेको त ? यदि समान दृष्टि भएको भए चर्च खोल्न पाउने, मस्जिद खोल्न पाउने, पार्टीको कार्यक्रम गर्न पाउने, केपी ओलीको पक्षमा नारा जुलुस गर्न पाउने तर हिन्दूहरुको मठमन्दिरहरु खोल्न नपाउने यो कस्तो धर्म निरपेक्षता हो ? कम्युनिष्ट सरकारको यो दोहोरो चरित्र हो । धर्मनिरपेक्षताको नाममा हिन्दूलाई अपमानित गर्ने, संस्कृतिलाई समाप्त पार्ने यो षड्यन्त्र हो ।

सरकारको यो नाकामी हो कि यस्तो निर्देशन जारी गर्छ । सरकारले विकल्प दिन सक्थ्यो । विकल्प भनेको घाटहरुलाई व्यवस्थित गर्ने, भौतिक दूरी कसरी कायम गरेर छठ मनाउन सकिन्छ भन्ने कुरामा केही कार्य गर्नुपर्दथ्यो । घर-घरमा छठ मनाउनुस् भन्ने निर्देशन जारी गर्दा पनि आमजनताले त मान्दैन । छठ घाटहरुलाई कसरी व्यवस्थापन गर्ने यो विषयमा स्थानीय प्रशासनहरुले ध्यान दिनुपर्ने थियो । तर स्थानीय प्रशासनले रोक लगाउने जुन निर्देशन दिए, यो कुरा लागू हुँदैन । रोक लगाउने जुन निर्देशन दिएको छ यो आपत्तिको विषय हो, यसको हामी भर्त्सना गर्छौं । हामी छठ व्रतालुसँग छौं, छठ पर्व गर्न पाउनुपर्छ । आमजनता कोभिडसँग चेतनशील छन् । हामी आग्रह पनि गर्न चाहन्छौं कि सामाजिक दूरी कायम गरेर

*बाँकी चार पृष्ठमा*

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# खुलेको भोलिपल्टै विद्यालय बन्द

**राजविराज**/कोरोना संक्रमणका कारण गत चैत महिनाबाट बन्द रहेका सप्तरीका केही विद्यालय खुलेको छ। तर, विद्यालय खोलिएको भोली पल्टै बन्द पनि भएको छ।

जिल्लाको शम्भुनाथ नगरपालिका क्षेत्र भित्रका विद्यालय संचालनमा आएको एक दिन नबित्दै सूचना टाँस गर्दै पुनः बन्द गरिएको छ।

कोरोनाको जोखिम कायमै रहेको निष्कर्ष निकाल्दै शम्भुनाथ नगरपालिकाका केही विद्यालयहरु हाल विद्यालय संचालनमा नल्याउने नगरपालिकाका पदाधिकारी तथा प्रधानाध्यापकको संयुक्त बैठकले सो निर्णय गरेको हो।

उक्त नगरपालिकाभित्र २४ सामुदायिक विद्यालय छन्। अधिकांश गत चैत ११ देखी नै बन्द छन्। कोरोनाको जोखिम कायमै रहेकाले विद्यालयहरु अर्को निर्णय नभएसम्मका लागि गत सोमबारदेखी पुनः बन्द गर्ने निर्णय भएको नगरप्रमुख योगेन्द्र प्रसाद चौधरीले बताए।

उक्त नगरपालिका २ स्थित श्री आधारभुत विद्यालय कनकपटीका प्रधानाध्यापक असगर मो. मियाँले सरकारले तोकेको विद्यालय संचालन सम्बन्धी निर्देशिका अनुसार सुरक्षा सतर्कता मापदण्ड अपनाएर कक्षा संचालन गर्ने प्रयास गरिएपनि विद्यार्थीको अत्यन्त न्युन उपस्थितिका कारण सोमबारदेखी पुनः विद्यालय बन्द गर्ने निर्णय गरिएपछि सूचना टाँस गरिएको बताए। २ सय ७५ विद्यार्थी रहेको उक्त विद्यालयमा आइतबार १४ जना मात्र उपस्थित भएका थिए।

१८ स्थानिय तह रहेको सप्तरी जिल्लामा ५ सय १३ सामुदायिक तथा १ सय ७७ निजि विद्यालय छन्। समुदायिकतर्फ १ लाख ७ सय ६ तथा निजि विद्यालयका ३४ हजार ६ सय २९ गरि कक्षा १ देखी १२ सम्म कुल १ लाख ३५ हजार ३ सय ३५ विद्यार्थी जिल्लामा अध्ययनरत छन्।

यता जिल्ला शिक्षा तथा समन्वय इकाई सप्तरीका प्रमुख फनिन्द्र खत्रीका अनुसार कोरोनाको संक्रमण फैलिन थालेपछि चैत ११ देखी बन्द विद्यालयहरु सरकरले तोकेको विद्यालय संचालन सम्बन्धी निर्देशिकाको पालना गर्दै खोल्न स्थानिय तहलाई अनुमति प्रदान गरिएको छ।

जसअनुसार जिल्लाका राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, सुरुङ्गा नगरपालिका, खडग नगरपालिका, रुपनी गाउँपालिका र विष्णुपुर गाउँपालिकाले सम्बन्धीत ठाउँका अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकहरुको संयुक्त बैठक राखी विद्यालय संचालनको निर्णय गरिसकेको छ।

# दुर्घटनामा बिरामीको मृत्यु

**राजविराज**/उपचारका लागि एम्बुलेन्सबाट बिराटनगर तर्फ जाँदै गरेका एक बिरामीको दुर्घटनामा परि घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा मृतक परिवारका तीन जना सदस्य समेत गम्भिर घाइते भएका छन्।

सप्तरी तिलाठी कोइलाडी गाउँपालिका २ लौनियाका ६० वर्षिय पण्डित भनिने ननुलाल मण्डलको सोमबार साँझ दुर्घटनामा परि मृत्यु भएको प्रहरीले जनाएको छ।

राजविराजबाट स.१च. ११२२ नम्बरको एम्बुलेन्समा बिराटनगरतर्फ जाँदै गर्दा मोरङको टंकीसिनवारी नजिकै एम०१-एल०३३६ नम्बरको ट्रली गाडीसँग ठोकिएर दुर्घटना हुँदा मण्डलको मृत्यु भएको तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंहले जानकारी दिएका छन्।

दुर्घटनामा उनका ५० वर्षिया पत्नि भोलीदेवी, ४९ वर्षिय भाई रामसुन्दर र ३० वर्षिया कान्छो छोरा जितेन्द्र गम्भिर घाइते भएका छन्। तीनै जनाको बिराटनगरस्थित नोवेल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। दुर्घटना पश्चात् दुबै गाडीका चालक फरार भएकाले उनीहरुको खोजिकार्य भइरहेको प्रहरीको भनाई छ।

# माछ्दादेखी सुन पसलमा समेतमा अनुगमन

**राजविराज**/गुणस्तर तथा नाप तौल कार्यालय बिराटनगरले बुधबार राजविराजस्थित पसलहरुमा नापतौलका लागि प्रयोग गरिने ढक तराजुको कम तौल भएको भन्दै नियन्त्रणमा लिएको छ।

ढक तराजु भएका व्यवसायीको ढक तराजुमा गडबढी पाइएकोले सोलाई नियन्त्रणमा लिई एक पटकका लागि सचेत समेत गराइएको छ।

यस्तै राजविराजको माछा हटिया तथा तरकारी हटिया बजारका अन्य पसलहरुबाट ४० भन्दा बढी ढक तराजु जफत गर्नुका साथै एक पल्टका लागि सचेत गराएर सुधिने मौका दिइएको टोलीमा सहभागि उपभोक्ता मञ्च नेपालका महासचिव शत्रुघनलाल देवले बताए।

सोही टोलीले सुन पसलहरुमा समेत अनुगमन गरेकोमा केही दर्तै नभई संचालनमा रहेको तथा केही नविकरण नगराइएको पाइएकाले त्यस्ता पसललाई तत्कालै बन्द गर्न लगाई दर्ता र नविकरण गराउन पत्र काटिएको अनुगमन टोलीका प्रमुख शम्भु कुमार झाले बताए।

नापतौल कार्यलयका प्रमुख शम्भु कुमार झाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य प्रविधी तथा गुण नियन्त्रण डिभिजन, राजविराज नगरपालिका कार्यालय, उपभोक्ता मञ्च नेपाल, पत्रकार महासंघ लगायतका प्रतिनिधि सम्मिलित टोलीले सो अनुगमन गरेको हो। यता अनुगमन कार्य केही दिन अझै जारि रहने टोलीका प्रमुख झाले जानकारी दिएका छन्।


## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# किसानहरुले धानको उचित मुल्य पाएनन्

**राजविराज**/सरकारले धानको न्युनत्तम खरिद मुल्य निर्धारण गरिएपनि किसानहरुले हालसम्म सो निर्धारित मुल्य पाइरहेको अवस्था छैन ।

प्रदेश २ र संघीय सरकारको समन्वयमा असोजको दोस्रो साता सरकारले प्रति क्विन्टल मोटो धान २ हजार ७ सय ३५ रुपैयाँ र, मध्यम २ हजार ८ सय ८५ रुपैयाँ निर्धारण गरेको थियो ।

जसकारण मुल्य कार्यान्वयन नहुँदा किसानहरु चिन्तित देखिएका छन् । धानबाली लगाउने समयमा सरकारले धानको समर्थन मुल्य तोके पनि अहिले धान भित्रियाउँदा सरकारले खरिद गर्न नसकेकाले बिचौलियाहरुकै भर पर्नुपरेको बाध्यता रहिरहेकोले किसानहरु चिन्तित बनेका छन ।

सरकार आफैंले मुल्य निधारण गरे पनि धान नकिनिदिँदा प्रति क्विन्टल १८ सय देखी २ हजार सम्ममै बिचौलिया, मिलवाला तथा काँटावालाकै शरणमा गई बेच्नुपर्ने बाध्यता रहेकोबाध्यता रहेको छ ।

समयमा उचित मूल्य नपाएपछि घाटै लगाएर बेच्नुको विकल्प नरहेको छिन्नमस्ता गाँउपालकाका किसान कपिल मुखियाको दुखेसो छ ।

# आधुनिक मेशिनबाट धान काटिदै

**राजविराज**/कृषि क्षेत्रमा नयाँ-नयाँ प्रविधिका धान काट्ने मेशिन भित्रिएपछि किसानहरु सो मेशिनबाट धान कटान सुरु गरेका छन् ।

परम्परागत खेती प्रणालीमार्फत खेतीपाती गर्दै आएका सप्तरीको छिन्नमस्ता गाँउपालिकाका किसानहरुले विगत ३ वर्षदेखी धान कटाउदै आएका थिए । तर, यस वर्ष जिल्लाको अधिकांश स्थानीय तहका किसानहरुले उक्त मेसिनबाट धान कटाउन पाउँदा खुसी भएका छन् ।

सो मेशिनले धान एक ठाँउमा र पराल एक ठाउँमा फाल्ने गरेकोले धान काट्ने त्यसपछि आधि छोपने र दाउनी गर्ने र पराल उठाँउने झनझटबाट किसानहरु मुक्त भएका छन् ।

दुई वटा मेसिनका मालिक समेत रहेका पर्सा जिल्ला घर भएका मो. मुजादिनले एक विगहाको धान काटन करिब ४५ देखी ६५ मिनेट सम्म लाग्ने गरेको र एक मिनेटको एक सय रुपैयाँ लिने गरेको बताए ।

# परानो मुद्दा शुन्यमा झार्ने तयारी

**राजविराज**/विगतका वर्षबाट सरेर आएका पुराना मुद्दाहरु अबको साढे तीन वर्ष भित्रै शुन्यमा झार्ने सवोच्च अदालतले तयारी गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधिश हरिकृष्ण कार्कीले बुधबार उच्च अदालत जनकपुर राजविराज इजलाशको सभा कक्षमा न्यायपालिकामा हुन सक्ने बिकृती बिसंगति र अनियमितता तथा बिचौलियाबाट हुन सक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि चाल्नु पर्ने उपायहरुको सम्बन्धमा बिस्ततृ अध्ययन गरि प्रतिवेदन पेश गर्न उनकै नेतृत्वमा गठित समितिले आयोजना गरेको राय सुझाव संकलन कार्यक्रममा सो जानकारी दिएका हुन् ।

उनले आगामी बि.स. २०८० साल भित्र विगतका वर्षहरुबाट सरेर आएका सबै पुराना मुद्दालाई फर्च्छयौट गरि शुन्यमा झारिने लक्ष्यका साथ काम अघि बढेको र समयमै लक्ष्य प्राप्त गर्ने बताए ।

पुराना मुद्दाहरुलाई सरल, जटिल र अतिजटिल गरि तीन किसिमले वर्गिकरण गरि अबको तीन वर्ष भित्र न्याय सम्पादन र फर्च्छयौट गर्ने लक्ष्यका साथ तिब्र गतिमा काम अघि बढिसकेको छ उनको भनाई छ ।

कार्यक्रममा न्याय परिषद्का सदस्य लक्ष्मी बहादुर निराला खडका, नायब महान्यायधिवक्ता नारायण प्रसाद पौडेल, नेपाल बार एशोसिएशनका अध्यक्ष चन्देश्वर श्रेष्ठ, सर्वोच्च अदालतका सहरजिष्टार नेत्र प्रसाद आचार्यलगायतले पनि बोल्दै न्याय सम्पादनका बेला न्यायाधीशलाई कतैबाट प्रभाव पार्नु नहुने जिकिरका साथ छिटो, छरितो र विश्वसनिय न्याय सम्पादनका लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्नु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा सहभागि नागरिक समाज, संचारकर्मी र अधिकारकर्मीको उपस्थिति रहेको थियो ।

### *देश संघीय ...*

सतर्कताका साथ छठ पर्व मनाऔं र आफ्नो परम्परालाई जोगाऔं ।

हामीले आफ्नो स्वयम्सेवक तथा आमनागरिकलाई आग्रह गर्न चाहन्छु कि यो विषम् परिस्थिति भएपनि उच्च सतर्कताका साथ सामाजिक दूरी काम गर्ने वातावरण बनाइ आफ्नो परम्परालाई निरन्तरता दिऔं । म सरकारलाई पनि आग्रह गर्दछु कि निर्देशनको नौटंकी छोड्नुस्, बन्देजको नौटंकी छोड्नुस् । सनातन परम्परा यो देशमा जोगिरह्यो भने धार्मिक पर्यटन आउँछन्, धार्मिक पर्यटन आए भने देशको आर्थिक स्थिति उभोतिर लाग्छ । त्यसकारणले हाम्रो परम्परासँग सरकारले छेडछाड नगरोस् । त्यसकारणले यो महामारीमा पनि परम्परालाई कसरी जोगाउने, आफ्नो परम्परालाई विश्व सामु पुऱ्याउने भन्ने कुरामा ध्यान दिन सरकारसँग आग्रह गर्न चाहन्छु ।

संविधान जारी हुँदा म आफैले संविधानमा रहेको धर्मनिरपेक्षता बुँदालाई सडकमा जलाएको थिएँ । त्यहीं बेलादेखि नेपाल पुनः हिन्दू राष्ट्र कायम गराउनका निरन्तर आन्दोलनमा छु । देश संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्र राष्ट्र हुनुपर्छ । किनभने यो देशको जुन सनातन पहिचान हो त्यसलाई मासेर हुँदैन, त्यो पहिचानलाई हामी विश्व सामु पुऱ्याउन सक्यौं विश्वभरिका एक अर्ब हिन्दूहरुको तिर्थस्थल बन्न सक्छ । त्यसबाट हाम्रो देशको आय स्थिति सुधिन्छ । अर्को कुरा यहाँको हिन्दुत्व देशको राष्ट्रियतासँग जोडिएको विषय हो । हिन्दुत्व नै यो देशको राष्ट्रियता हो । आफ्नो संस्कृति छोडेर कुनै पनि देश अगाडि बढ्न सकेको छैन । जुन-जुन देश आफ्नो संस्कृति गुमायो, ती देशहरु आज कंगाल भएका छन् । नेपाल पनि त्यो बाटोमा नजाओस् । गणतन्त्र दुनियाँको सबभन्दा राम्रो व्यवस्था हो । त्यसकारण हामी संघीय लोकतान्त्रिक हिन्दू गणतन्त्रको परिकल्पना गर्छौ । विश्वसामु यहाँको संस्कार, संस्कृति र परम्पराहरुलाई चिनाउँछौं । *(यादव, राष्ट्रिय एकता अभियानका संयोजक हुन् ।) (मधेश दर्पण फिचर सेवा)*

# पहिलो पटक जुरगुटी प्रतियोगिता

**राजविराज**/सप्तरीको कञ्चनरुप नगरपालिकामा पहिलो पटक जुरगुटी प्रतियोगिता गरिएको छ ।

समाचकेवा पर्वको अवसरमा सो प्रतियोगिताको आयोजना गरिएको हो । जुरगुटी पाहुनाहरूको स्वागत तथा सजावटको लागि झुन्ड्याउने चलन रहेकोमा हाल ती परम्पराहरू लोप हुँदै गएको छ ।

मौलिकताहरू हराउँदै गएपछि यस वर्ष पहिलो पटक थारु सांस्कृतिक संग्रहालय एवम् थारु समुदाय होमस्टे परिवारको आयोजन तथा कोशी टप्पु वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र उपभोक्ता समितिको सौजन्यमा यस्ता प्रतियोगिता भएको हो ।

परालसहितको धानको बालाको बनाउने जुरगुटी तराई मधेसमा केही वर्ष पहिला लगभग सबैको घर अगाडी रहेपनि हाल लोप हुँदै गएको अवस्थामा त्यस्ता कला संस्कृतीलाई प्रतियोगिताको माध्यमबाट उत्थान तथा जगेर्नाको प्रयास गरिएको आयोजकले बताएका छन् ।

सो नगरपालिका वडा नं. ६ स्थित थारु संग्रहालयको भवनमा आयोजित सो प्रतियोगितामा पानावती चौधरी प्रथम, रिता चौधरी द्वितीय र भुली देवीले तृतीय स्थान भएकी छिन् ।

विजयी प्रतियोगीहरूलाई पुरस्कार स्वरूप क्रमशः एक हजार पाँच सय, एक हजार र पाँच सय रुपैयाँ प्रदान गरिएको छ ।

# अपाङता भएका व्यक्तिलाई ह्वील चेयर प्रदान

**राजविराज**/२९ औं अन्तराष्ट्रिय अपाङ दिवसको अवसरमाशारीरिक अपाङता भएका ५ वर्षिय बालकदेखी १ सय ५ वर्षीय बृद्धका गरि १२ जनालाई ह्वील चेयर तथा ब्लायडकेट बितरण गरिएको छ ।

सैनिक श्रीमती संघ भद्रकाली काठमाडौंले बिहीबार आयोजना गरिएको कार्यक्रममा ५ वर्षिय बालक अमित मण्डलदेखी १ सय ५ वर्षिय कलरु चौधरीलाई ह्वील चेयर प्रदान गरिएको छ ।

सामाजिक अभियान्ता सुनिता साहको पहलमा जिल्लाका अतिविपन्न १२ जना अपाङता भएका बालबालिका र जेष्ठ नागरिकको पहिचान गरिएपछि सैनिक श्रीमती संघले सहयोग उपलब्ध गराइदिएको हो ।

सामाजिक अभियान्ता साहको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथि सैनिक श्रीमती संघकी केन्द्रिय सदस्य सुप्रिया थापाले शारीरिक रुपमा अशक्त अपाङ भएकीलाई ह्वील चेयर र मण्डि बितरण गरेकी हुन् ।



# संघीय सरकारको पहलमा सप्तरीको तीन स्थानिय तहमा अस्पतालको शिलान्यास

**राजविराज**/संघीय सरकारको पहलमा सप्तरीको तीन वटा स्थानिय तहमा सोमबार १५ शैयायाको अस्पतालको शिलान्यास गरिएको छ ।

हरेक पालिकामा कम्तिमा १५ शैययाको सरकारी अस्पताल निमार्ण गर्ने नीति अनुसार सप्तरीका तीन पालिकामा १५ शैययाको अस्पतालको शिलान्यास गरिएको हो ।

सप्तरीको कञ्चनरुप नगरपालिकास्थित कञ्चनपुर प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा नगरपालिकास्थित कडरबोना प्राथमिक स्वास्थ्य केन्द्र र तिरहुत गाउँपालिकास्थित लोहजारा स्वास्थ्य केन्द्रलाई १५-१५ शैययाको अस्पतालमा स्तरोन्नति गरिएको छ ।

यता कंचनरुप नगरपालिका वडा नं. ८ मा निर्माण हुने गरि प्राथमिक अस्पतालको कञ्चनरुप नगरपालिकाका नगर प्रमुख बसन्त कुमार मिश्रले शिलान्यास गरेका छन् ।

बि.स. २०५३ सालमा स्थापना भएको प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तररोन्नती गरी प्राथमिक अस्पताल बन्न लागेको हो । संघीय सरकारले अस्पताल निर्माणका लागि चालु आ.व.मा ३ करोड २३ लाख तीन हजार बजेट विनियोजन गरेको नगरपालिकाको स्वास्थ्य शाखाका सह-संयोजक डम्बरप्रसाद गुप्ताले जानकारी दिए ।

कार्यक्रममा नगरपालिकाका उपप्रमुख निरु पोखरेल, निमित्त प्रमुख प्रशासकिय अधिकृत नवराज खडका, राजनीतिक दलका प्रतिनिधि, स्वास्थ्य शाखाका सुरेन्द्र प्रसाद यादव, वडा अध्यक्षहरु लगायतको उपस्थिति रहेको थियो ।

यस्तै जिल्लाको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजरामा एक कार्यक्रमबीच गाउँपालिका अध्यक्ष हेमन्त बहरखेरले १५ शैययाको अस्पतालको शिलान्यास गरेका छन् ।

देशभरका ३ सय ९६ वटा स्थानीय तहमा सुचीकृत भएको अस्पताल निर्माणका लागि सोमबार एकैसाथ शिलान्यास भएको छ । मन्त्रीस्तरीय निर्णयबाट ३ सय ९६ वटा स्थानीय तहमा रहेको स्वास्थ्य संस्थालाई स्तरोन्नति गरी ५-१०-१५ शैययाको अस्पताल निर्माण गर्न लागिएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचारमा सहयोगी हुने भएकाले एकैसाथ शिलान्यास गर्ने व्यवस्था गरेको हो ।

# फर्सैठको विभिन्न टोल र बस्तीमा सरसफाई

**राजविराज**/राजबिराज वडा नं. ११ मा फर्सैठ युवा क्लवको आयोजनामा फर्सैठको विभिन्न टोल र बस्तीमा सरसफाई गरिएको छ ।

वडा अध्यक्ष संजय कुमार यादबको उपस्थितिमा समुदायमा जनचेतना अभिबृद्धि गर्ने उद्देश्यले फर्सैठ युवा क्लवले फर्सैठमा सरसफाईको आयोजना गरेको हो ।

दर्जनौ युवाहरूले सडक पेटी र वाटो, घाटोमा थुपारिएको फोहोरको डंगुरको सरसफाई गरेका छन् भने बस्तीमा स्थानिय घरपेटीहरूलाई फोहोरको ब्यबस्थापन गर्नका लागि सचेत गराएको स्थानिय तथा राजबिराज नगरपालिकाका लेखा अधिकृत उमाशंकर यादबले जानकारी दिए ।

युवाहरूले फर्सैठ टोलको विभिन्न बस्ती र टोलको गल्लीहरूमा सरसफाई गर्दै स्थानियहरुलाई सरसफाई गर्न चेतना फैलाउदै सरसफाई गरी गाउको बस्तीलाई सुन्दर, स्वच्छ वातावरण निर्माण गर्न आग्रह गरेको युवा क्लवका अध्यक्ष ध्रुव कुमार देवले बताए ।

यता फर्सैठ युवा क्लव पहलमा स्थानिय आधारभुत बिद्यालय फर्सैठको बिकासका लागी स्थानियवासी बिजय देवले आफ्नो आमा स्व. देवी देवको सम्झनामा १ लाख १ हजार १ सय ११ रूपैयाको अक्षय कोष स्थापना गर्ने घोषणा गरेको स्थानिय तथा राजबिराज नगरपालिका शिक्षा प्रमुख भोगेन्द्र यादबले जानकारी दिए ।

गत बर्ष फर्सैठ युवा क्लवले स्थानिय आधारभुत बिद्यालय फर्सैठमा पुस्तकालय स्थापनाका लागि १ लाख बरावरको फर्निचर, खेलकुद, तथा समान्य ज्ञानका कितावहरू सहयोग गरेको थियो । सरसफाईको लागि वडा अध्यक्ष संजय यादबले डस्टबिन, लगायतका सरसफाईका लागि सामग्री हस्तान्तरण गरेका थिए ।

फर्सैठ युवा क्लव स्थापना पश्चात् विभिन्न प्रकारका जनचेतना फैलाउने उद्देश्यले समुदायको बिकास सँगै सँगै स्वास्थ, शिक्षा र स्वरोजगारमा तर्फ अग्रसर भएका छन ।

कुरीति छ जतासुकै हिमाल, पहाड, तराई; आजैबाट रोकौं सबै मिली बालविवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## अन्तर्राष्ट्रिय समाचार

### कोरोनाको खोप प्रयोग गर्न दिनेमा दोस्रो बन्यो बहराइन

**दुवइ**/कोरोनाको विरुद्धमा बनाइएको खोप आपतकालिन अवस्थामा प्रयोग गर्न स्विकृति दिनेमा बहराइन दोस्रो देश बनेको छ । फिजर र यसैको जर्मन साझेदार बिओनटेकले बनाएको खोप आपतकालिन अवस्थामा प्रयोग गर्न सकिने गरी बहराइन सरकारले स्विकृति दिएको हो ।

बहराइनको राज्यद्धारा सञ्चालित बहराइन न्युज एजेन्सीले यो खोप प्रयोगका लागि स्विकृति दिने देशमा बेलायतपछि बहराइन दोस्रो देश बनेको उल्लेख छ । यसअघि बुधबार बेलायतले यही खोप आपतकालिन अवस्थामा प्रयोग गर्न स्विकृति दिएको थियो ।

देशको राष्ट्रिय स्वास्थ्य नियमक निकायले सवै कुरा अध्ययन गरेर यसलाई आपताकालिन अवस्थामा प्रयोग गर्न सकिने सिफारिस गरेपछि सरकारले त्यसलाई स्विकृति दिएको हो । प्रयोगका लागि स्विकृति दिएपनि कति खोप सरकारले ल्याएको छ र त्यसको प्रयोग कहिलेदेखि गरिने छ भन्ने बारेमा भने केही जानकारी दिइएको छैन ।

त्यसैगरी फिजरले पनि बहराइनसँग भएको सम्झौतामा कति खोप बहराइनलाई दिन लागिएको हो र कहिले कहिले ढुवानी हुने हो भन्नेलगायतका जानकारी दिन नमिल्ने र आफ्नो तर्फबाट गोप्य नै राखिने जनाएको छ । झण्डै १६ लाख जनसंख्या रहेको मुलुक बहराईनमा अहिलेसम्म कोरोनाभाइरसबाट ८७ हजार जना सङ्क्रमित भएका छन् भने ३४१ जनाको मृत्यु भएको छ । एजेन्सी

### भारतमा आन्दोलनरत किसानद्वारा बन्दको घोषणा

**नयाँदिल्ली**/भारतमा आन्दोलनरत किसानले बन्दको घोषणा गरेका छन् । आफ्ना माग पूरा गर्न सरकारले अटेरी गरेकाले यही डिसेम्बर ८ तारिखका दिन देशभरी बन्दको आह्वान गरिएको उनीहरुले बताएका छन् ।

किसानका नेता गुर्नामसिंह चाडोनीले पत्रकार सम्मेलनमार्फत् भारत बन्दको आह्वान गरिएको जानकारी दिनु भएको हो ।

आफ्ना माग पूरा गर्नका लागि शनिबारको वार्तामा पनि सरकारले पर्याप्त लचकता नदेखाएमा देशभरी बन्द गराइने उहाँले बताउनुभयो ।

कृषिसम्वन्धी नयाँ कानुनप्रति असन्तुष्टि जनाउदै भारतमा केही समयदेखि किसान देशव्यापी आन्दोलनरत छन् ।

हाम्रो बैठकले आफ्ना माग पूरा गर्न सरकारलाई दवाव दिनका लागि यही डिसेम्बर ८ तारिखका दिन भारत बन्दको आह्वान गर्ने निर्णय गरेको छ, अर्का किसान नेता हर्भिन्डर सिंह लख्वाले भन्नुभयो ।

हालै ल्याइएका कृषिसम्वन्धी कानुन रद्ध नगरिएमा देशव्यापी बन्द अन्तर्गत सवै सडकमा अवरोध गरिने उहाँले बताउनुभयो ।

सरकारले ल्याएको कानुन लागु भएपछि किसान थप मर्कामा पर्ने, कृषिजन्य उत्पादनले पर्याप्त मुल्य नपाउने दाबी आन्दोलनरत किसानको रहेको छ ।

केही महिना अगाडि नै पारित भएको कानुनप्रति किसानले त्यतिबेलादेखि नै असन्तुष्टि जनाउदै आएपनि आन्दोलन भने केही समय अगाडिदेखि मात्रै शुरु भएको हो ।

अहिले केन्द्रीय राजधानी नयाँदिल्लीलाई समेत प्रभावित पार्नेगरी आन्दोलन सुरु भएकाले केन्द्रीय सरकार अहिले दवावमा परेको छ । आन्दोलन चर्किंदै गएपछि सरकारले किसानसँग पटक पटक वार्ता पनि गरेको छ । तर वार्ता परिणममुखी हुन सकेको छैन । एजेन्सी

### भारतमा कोरोना भाइरस सङ्क्रमितको संख्या ९६ लाख नाघ्यो

**नयाँदिल्ली**/भारतमा कोरोना भाइरस सङ्क्रमितको संख्या ९६ लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शनिबार जनाएको छ ।

भारतमा शुक्रबार थप ३६ हजार ६३५ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि कोरोना भाइरस सङ्क्रमितको संख्या ९६ लाख आठ हजार २१८ पुगेको सो मन्त्रालयले जानकारी दिएको हो । जसमध्ये ९० लाख भन्दा बढी सङ्क्रमणमुक्त भएका छन् ।

सो मन्त्रालयका अनुसार हाल चार लाख नौ हजार ८६० व्यक्ति अझै पनि सक्रिय सङ्क्रमित अवस्थामा छन् । भारतमा एकै दिन ५० हजारभन्दा कम सङ्क्रमित भेटिएको यो लगातार ३०औं दिन हो । भारतमा कोरोना भाइरस सङ्क्रमणबाट २४ घण्टामा थप ५०९ जनाको मृत्यु भएको र यो सहित भारतमा कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ३९ हजार ७०० पुगेको छ ।

भारतभरी सव भन्दा बढी कोरोना भाइरस प्रभावित राज्य महाराष्ट्रमा १८ लाख ४२ हजार रहेको ५७७ सङ्क्रमित र भइसेकेका छन् । सङ्क्रमणको कारण यहाँ ४७ हजार ५९९ व्यक्तिको मृत्यु भएको छ । कोरोना भाइरसको कारण दोस्रो प्रभावित दिल्लीमा पाँच लाख ८६ हजार १२५ सङ्क्रमित भएका छन् । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले भारतमा कुल १४ करोड ५८ लाख ८५ हजार नमूना परीक्षण गरेको जनाएको छ । एजेन्सी

# बैदेशिक रोजगारीलाई रोक्न सहकारीले रोजगारीको अवसर सृजना गर्नुपर्छ : प्रदेश २ कृषि मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २० मंसिर ।**

प्रदेश २ का भूमि, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले बैदेशिक रोजगारीलाई रोक्न सहकारी उत्तम विकल्प रहेको बताएका छुन ।

जनज्योती कृषि सहकारी संस्था राजविराज ९ मलेठको ९ औ वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री साहले सो कुरा बताएका हुन् । यूवाहरुलाई रोजगारीका लागि बिदेश जानबाट रोक्न सहकारी संस्थाहरुले अहम भूमिका खेल्नु पर्ने बताउँदै मन्त्री साहले स्वदेशमै उनीहरुकालागि रोजगारीको अवसर सृजना गर्न सुझाव समेत दिए ।

उनले आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तनका लागि सहकारीले खेलेको भूमिका सह्रानिय रहेको भन्दै प्रदेश सरकारले समेत सहकारीलाई हरसम्भव मद्दत गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सो सभालाई सम्बोधन गर्दै मन्त्री साहले अब आउन लागेको प्रदेश सहकारी एनमा साना सहकारीहरुबीच एकता तथा सहकारीको उद्देश्य विपरीत कार्य गर्ने सहकारीहरुको खारेजी समेत गर्न सक्ने व्यवस्था रहेको जानकारी दिए ।

प्रदेश २ मा ७ हजार सहकारी संस्थाहरु रहेको स्मरण गराउँदै उनले सहकारीकै माध्यमबाट प्रदेशको उन्नती हुनेमा विश्वस्त रहेको जिकिर समेत गरे ।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलको अध्यक्षतमा आयोजित सभामा वडा अध्यक्ष शम्भुप्रसाद यादव, जसपाका जिल्ला अध्यक्ष केदार यादव, सचिव चितरन्जन यादव, सहकारी बैंक राजविराजका प्रमुख चन्द्रमणि भट्टराई, शेयर सदस्य, संचारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

साधारण सभामा अध्यक्षीय प्रतिवेदन पेश गर्दै संस्थाका अध्यक्ष मण्डलले चालु आ.ब. २०७७/७८ मा शेयर सदस्य पुरुषको संख्या १ हजार ७ सय तथा महिलाको संख्या ८ सय रहेकोमा जम्मा शेयर पुँजी २ करोड ३० लाख रहेको जानकारी दिएका छन् ।

त्यस्तै शेयर निक्षेप ८ करोड, कर्जा लगानी १ करोड ५० लाख, शेयर लगानी ८ करोड, सम्पत्ति सामान खरीद ५ लाख तथा नाफा ९५ लाख ७४ हजार ५ सय रहेको प्रतिवेदनमा उल्लेख छ ।

सोही प्रतिवेदनमा संस्थाले सरल शुलभ तरिकाबाट रसायनिक मल, बीउ बिजन बिक्रि गर्ने, कृषि उपज खरिद बिक्रि तथा धान प्रशोधन गरि चामल उत्पादन र बिक्रि गर्ने, गहुँ धानको मुल बीउ उपलब्ध गराई बीउ उत्पादन गर्ने, ब्यवसायीक खेती तथा पशुपालन तर्फ किसानलाई प्रोत्साहन गर्नुका साथै सल्लाह र बजार ब्यवस्थापन कार्यलाई प्राथमिकतामा राख्ने कार्य गर्ने भावी कार्य योजना रहेको उल्लेख छ ।

त्यस्तै शिक्षा तालिम कार्यलाई अगाडी बढाउँदै सदस्यहरुलाई भ्रमण अवलोकन गराउने, विदेशिने यूवाहरुलाई रोक्न तथा बिदेशबाट फर्केका यूवाहरुलाई रोजगारीका अवसर सृजना गराउने कार्यमा सघाउने योजनाका साथ संस्था अघि बढेको अध्यक्ष मण्डलद्वारा प्रस्तुत प्रतिवेदनमा जनाइएको छ ।

सोही प्रतिवेदनमा शेयर सदस्यहरुलाई उद्यमशिल बनाउन स्थानिय निकाय, प्रदेश, केन्द्र तथा लाइन एजेन्सीहरुसँग सहकार्य गर्ने र सामाजिक सेवातर्फ चल्दै आएको एम्बुलेन्स सेवालाई निरन्तरता दिँदै विभिन्न स्वास्थ्य शिविरहरु संचालन तथा दैवी प्रकोपबाट बच्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने कार्यक्रमका साथ संस्था अघि बढेको उल्लेख छ ।

यसअघि संस्थाले मंसिर १५ गतेदेखी इकाई भेलाको प्रारम्भ गरेको थियो । सो भेलाको वडा नं. ९ का अध्यक्ष शम्भु प्रसाद यादवले उद्घाटन गरेका थिए । सोही भेलाको चौथो दिन राष्ट्रिय सहकारी महासंघका वरिष्ठ उपाधयक्ष तथा अन्तराष्ट्रिय सहकारी महासंघ ग्लोबलकी बोर्ड सदस्य ओमदेवी मललको समेत उपस्थिती समेत रहेको थियो ।

# नयाँ बुहारीहरुले लैङ्गिक रुपान्तरणका अनुभवहरु सुनाए



**राजविराज**/लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानअन्तर्गत राजविराजमा शनिबार नयाँ बुहारीहरुले लैङ्गिक रुपान्तरणका अनुभवहरु सुनाएका छन् ।

अभियानको मूल समारोह समितिका अध्यक्ष इन्सेक प्रतिनिधी मनोहरकुमार पोखरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा ती अनुभवहरु सुनाइएको हो ।
सहभागी राजविराज नगरपालिका ६ का रेणुदेबी राम, दिपिका चौहान, ज्योती साह, कल्पनादेबी राम, कजरा खातुन, आरतीदेबी रामले आ-आफ्नो अनुभव सुनाउँदै घरपरिवारमा बोली-व्यवहार समेत परिवर्तन भएको जानकारी दिए ।

श्रीमान, सासु-ससुराले पहिले भन्दा बढी सहयोग गर्न थाले, भएको, झगडा र विवाद बन्द भएको, घरायसी काममा सरसल्लाह र सहयोग हुन थालेको बताउँदै सहभागीहरुले जिविकोपार्जन कार्यक्रमले जीवनमा परिवर्तन आउन थालेको बताए ।

कार्यक्रममा वडा अध्यक्ष प्रेमकुमार यादवले सहज परियोजनको कार्यक्रमको थप आवश्यक्ता रहेकोले परियोजना विस्तार गर्न जोड दिए ।

जिविकोपार्जन सल्लाहकार रामनाथ साहद्वारा सञ्चालित अन्तरक्रिया कार्यक्रममा भिएसओका सुनिल साह, सहज परियोजनाका कृष्णकुमार साह, रामभरोसी गुप्ता, पत्रकार ललीता साहले मन्तव्य राखेका थिए ।

मूल समारोह समितिको आयोजना तथा समग्र जनउत्थान केन्द्रको संयोजनमा आयोजित कार्यक्रममा सहजकर्ता मुन्नीकुमारी राम र नयाँ बुहारी आरतीदेबी रामले समेत आ-आफ्नो अनुभव सुनाए ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS
Best Remit Quick & Easy
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*